# सरकारी वकील सम्बन्धी नियमावली, २०७५

## छलफलका लागि मस्यौदा

मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १९६ (१) ले दिएको अधिकार प्रयोग गरी महान्यायाधिवक्ताको परामर्शमा नेपाल सरकारले यो नियमावली बनाएको छ ।

## परिच्छेद-१

## प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यो नियमावलीको नाम "सरकारी वकील सम्बन्धी नियमावली, २०७५" रहेको छ ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

२. परिभाषा : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस नियमावलीमा,-

(क) "विभाग" भन्नाले नियम ४ बमोजिमको विभाग सम्झनु पर्छ ।

(ख) "विभागको प्रमुख" भन्नाले सम्बन्धित विभागको प्रमुखको रूपमा काम गर्न तोकिएको नायब महान्यायाधिवक्ता सम्झनु पर्छ ।

(ग) "फौजदारी मुद्दा" भन्नाले मुलुकी फौजदारी अपराध संहिता, २०७४ को अनुसूची-१ र २ मा उल्लिखित मुद्दा सम्झनु पर्छ ।

(घ) "देवानी" मुद्दा" भन्नाले मुलुकी देवानी कार्यबिधि संहिता, २०७४ को अनुसूची-२८ मा उल्लिखित मुद्दा सम्झनु पर्छ ।

(ङ) "नेपाल सरकारलाई सरोकार पर्ने मुद्दा" भन्नाले खण्ड (ग) र (घ) बमोजिमको मुद्दा, नेपाल सरकार वादी हुने भनी कुनै ऐनमा उल्लेख भएका मुद्दा तथा नेपाल सरकार पक्ष वा विपक्ष भएको मुद्दा सम्झनु पर्छ र सो शब्दले नेपाल सरकारलाई सरोकार पर्ने भनी नेपाल सरकारले तोकिदिएको अन्य मुद्दालाई समेत जनाउँछ ।

(छ) "सरकारी वकील कार्यालय" भन्नाले नियम ४ मा उल्लिखित कार्यालय सम्झनु पर्छ ।

Office of the Attorney General, Nepal

## परिच्छेद-२

## सामान्य व्यवस्था

३. सरकारी वकीलको सेवा, समूह र पद : (१) महान्यायाधिवक्ताको पद नेपालको संविधान बमोजिमको पद र सो बाहेक सबै सरकारी वकीलको पद उपनियम (२) बमोजिमको पद हुनेछ ।

(२) महान्यायाधिवक्ताका अतिरिक्त सरकारी वकीलको पदमा देहायको श्रेणीका पदहरु रहनेछन् :

| श्रेणी | पदनाम |
|---|---|
| (क) विशिष्ट श्रेणी | नायब महान्यायाधिवक्ता |
| (ख) रा.प.प्रथम श्रेणी | सहन्यायाधिवक्ता |
| (ग) रा.प. द्वितीय श्रेणी | उपन्यायाधिवक्ता वा जिल्ला न्यायाधिवक्ता |
| (घ) रा.प. तृतीय श्रेणी | सहायक न्यायाधिवक्ता वा सहायक जिल्ला न्यायाधिवक्ता |

(३) सेवामा रहने अन्य श्रेणीका पदहरु नेपाल सरकारले समय समयमा तोके बमोजिम हुनेछ ।

(३) सरकारी वकील र सरकारी वकील समूहका कर्मचारी एवम् सरकारी वकील कार्यालयको अन्य दरबन्दी नेपाल सरकारले तोके बमोजिम हुनेछ ।

४. सरकारी वकीलको कार्यालय र प्रादेशिक अधिकार क्षेत्र : (१) सरकारी वकील कार्यालयको रुपमा देहायका कार्यालय स्थापना हुनेछन् ।

(क) महान्यायाधिवक्ताको कार्यालय

(ख) उच्च सरकारी वकील कार्यालय,

(ग) विशेष सरकारी वकील कार्यालय,

(घ) जिल्ला सरकारी वकील कार्यालय ।

(२) महान्यायाधिवक्ताको कार्यालय संघीय राजधानीमा रहनेछ ।

(३) महान्यायाधिवक्ताको कार्यालय र मातहतका सरकारी वकील कार्यालयको कामलाई सुव्यवस्थित रूपले सञ्चालन गर्नको लागि महान्यायाधिवक्ताको कार्यालयमा महान्यायाधिवक्ताले तोकेका विभागहरू रहने छन् ।

(४) प्रत्येक विभागमा महान्यायाधिवक्ताले तोकेका नायब महान्यायाधिवक्ता विभागको प्रमुखको रुपमा रहनेछन् ।

Office of the Attorney General, Nepal

(५) यस नियमावलीमा अन्यथा उल्लेख भएकोमा बाहेक विभागको प्रमुखको कार्य विभाजन महान्यायाधिवक्ताले बनाएको कार्य संचालन निर्देशिकामा उल्लेख भए बमोजिम हुनेछ ।

(६) विभाग अन्तर्गत विभिन्न महाशाखा र शाखाहरू रहनेछन् ।

(७) महान्यायाधिवक्ताको कार्यालयमा उपनियम (६) बमोजिमको महाशाखाका साथै अभियोजन प्रशिक्षण केन्द्र र अपराधशास्त्रीय अनुसन्धान केन्द्र समेत रहनेछन् ।

(८) उपनियम (६) र (७) बमोजिमका महाशाखा, शाखा तथा केन्द्रहरुको कार्य विभाजन उपनियम (५) बमोजिमको निर्देशिकामा उल्लेख भए बमोजिम हुनेछ ।

(९) प्रत्येक उच्च अदालत र सोको इजलास रहेको स्थानमा उच्च सरकारी वकील कार्यालय रहनेछ ।

(१०) विशेष अदालत रहेको स्थानमा विशेष सरकारी वकील कार्यालय रहनेछ ।

(११) उच्च सरकारी वकील कार्यालयको प्रादेशिक अधिकारक्षेत्र अन्तर्गत प्रत्येक जिल्लामा जिल्ला अदालत रहेको स्थानमा जिल्ला सरकारी वकील कार्यालयहरु रहनेछन् ।

(१२) उपदफा (१) बमोजिम स्थापना हुने सरकारी वकील कार्यालयमा रहेको कार्यबोझ र सम्पादन गर्ने कामको आधारमा आवश्यक संख्यामा सरकारी वकील र अन्य कर्मचारीहरू रहनेछन् ।

५. नियुक्ति सरुवा, बढुवा र विभागीय कारबाही गर्ने अधिकारः (१) महान्यायाधिवक्ताको कार्यालयका राजपत्र अनंकित कर्मचारीहरूको नियुक्ति, बढुवा तथा विभागीय कारबाही गर्ने अधिकार सम्बन्धित विभागको प्रमुखलाई हुनेछ ।

(२) उच्च सरकारी वकील कार्यालय र सो कार्यालयको प्रादेशिक अधिकार क्षेत्रभित्रका जिल्ला सरकारी वकील कार्यालयका राजपत्र अनंकित कर्मचारीहरूको नियुक्ति, बढुवा तथा विभागीय कारबाही तथा आफ्नो प्रादेशिक अधिकार क्षेत्रभित्रका सरकारी वकील कार्यालयमा सरुवा गर्ने अधिकार सम्बन्धित उच्च सरकारी वकील कार्यालयका सहन्यायाधिवक्तालाई हुनेछ ।

६. <u>कायम मुकायम मुकरर गर्ने तथा काज खटाउने :</u> (१) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि विभागको प्रमुखको पदमा र उच्च सरकारी वकील कार्यालय, विशेष सरकारी वकील कार्यालय र जिल्ला सरकारी वकील कार्यालयको सहन्यायाधिवक्ताको पदमा महान्यायाधिवक्ताले बढीमा छ महिनाको लागि कायम मुकायम मुकरर गर्न सक्नेछ ।

(२) राजपत्राङ्कित द्वितीय श्रेणीको जिल्ला न्यायाधिवक्ताको पदमा सम्बन्धित विभागको प्रमुखले बढीमा छ महिनाको लागि कायम मुकायम मुकरर गर्न सक्नेछ ।

(३) आफ्नो प्रादेशिक अधिकार क्षेत्रभित्रका राजपत्रांङ्कित तृतीय श्रेणीका सरकारी वकीललाई राजपत्राङ्कित द्वितीय श्रेणीको कार्यालय प्रमुखको पदमा उच्च सरकारी वकील कार्यालयको सहन्यायाधिवक्ताले कायम मुकायम मुकरर गर्न सक्नेछ । यसरी कायम मुकायम मुकरर गरेकोमा त्यसको जानकारी तुरुन्त महान्यायाधिवक्ताको कार्यालयमा दिनु पर्नेछ ।

Office of the Attorney General, Nepal

(४) राजपत्रांङ्कित प्रथम श्रेणी वा सो भन्दामाथिका सरकारी वकीललाई महान्यायाधिवक्ताले, सोभन्दा मुनीका कर्मचारीलाई सम्बन्धित विभागको प्रमुखले काज खटाउन सक्नेछ ।

(५) उच्च सरकारी वकील कार्यालयको सहन्यायाधिवक्ताले आफ्नो प्रादेशिक अधिकार क्षेत्रभित्रका राजपत्राङ्कित र राजपत्र अनङ्कित कर्मचारीलाई बढीमा तीन महीनासम्म आफ्नो प्रादेशिक अधिकार क्षेत्रभित्रको कुनै कार्यालयमा काज खटाउन सक्नेछ । त्यसरी काज खटाएकोमा त्यसको जानकारी तुरुन्त महान्यायाधिवक्ताको कार्यालयलाई दिनु पर्नेछ ।

७. बिदा : (१) नायब महान्यान्यायाधिवक्ता र सहन्यायाधिवक्ताको विदा महान्यायाधिवक्ताले र महान्यायाधिवक्ताको कार्यालयका अन्य सरकारी वकील तथा कर्मचारीको विदा सम्बन्धित विभागको प्रमुखले स्वीकृत गर्न सक्नेछ ।

(२) उच्च सरकारी वकील कार्यालयको सहन्यायाधिवक्ताले आफ्नो क्षेत्रभित्रका सरकारी वकील, अधिकृत र अन्य कर्मचारीको बिदा स्वीकृत गर्न सक्नेछ ।

(३) विशेष सरकारी वकील कार्यालयका सहन्यायाधिवक्ताले सो कार्यालयका सरकारी वकील र अन्य कर्मचारीको विदा स्वीकृत गर्न सक्नेछ ।

(४) जिल्ला सरकारी वकील कार्यालयको सहन्यायाधिवक्ता वा जिल्ला न्यायाधिवक्ताले आफ्नो कार्यालयको सरकारी वकील र अन्य कर्मचारीको बिदा स्वीकृत गर्न सक्नेछ ।

(५) भैपरी आउने बिदा र पर्व बिदा विभागीय प्रमुख र सम्बन्धित सरकारी वकील कार्यालयको प्रमुख स्वयंले लिन सक्नेछ ।

(६) बन्दीप्रत्यक्षीकरणको प्रयोजनको लागि अदालत खुल्ला भएको अवधिमा खटिएको सरकारी वकील र अन्य कर्मचारीलाई सो अवधिको लागि निजले खाईपाई आएको तलब भत्ताको अतिरिक्त सो बराबरको अतिरिक्त रकम समेत प्रदान गरिनेछ ।

(७) यस नियमावलीमा जुनसुकै कुरा लेखिएको भए तापनि नेपाल सरकारबाट स्वीकृत हुनु पर्ने बिदाको हकमा सोही बमोजिम हुनेछ ।

Office of the Attorney General, Nepal

## परिच्छेद-३

## कार्यालय प्रशासन एवं निरीक्षण

८. प्रशासकीय रेखदेख, नियन्त्रण र निर्देशन : (१) यस नियमावलीको अधीनमा रही जिल्ला सरकारी वकील कार्यालय तथा उच्च सरकारी वकील कार्यालय सम्बन्धित उच्च सरकारी वकील कार्यालयका सहन्यायाधिवक्ताको सामान्य प्रशासकीय रेखदेख, नियन्त्रण र निर्देशनमा रहनेछन् ।

(२) विशेष सरकारी वकील कार्यालय सो कार्यालयका सहन्यायाधिवक्ताको प्रशासकीय रेखदेख, नियन्त्रण र निर्देशनमा रहनेछन् ।

(३) सबै सरकारी वकील कार्यालय महान्यायाधिवक्ताको सामान्य प्रशासकीय रेखदेख, नियन्त्रण र निर्देशनमा रहनेछन् ।

(४) महान्यायाधिवक्ताको कार्यालयले सबै सरकारी वकील कार्यालयको र उच्च सरकारी वकील कार्यालयहरूले आफ्नो प्रादेशिक अधिकार क्षेत्रभित्र पर्ने जिल्ला सरकारी वकील कार्यालयहरूको वर्षको कम्तीमा एक पटक निरीक्षण तथा अनुगमन गर्नु गराउनु पर्नेछ । निरीक्षण तथा अनुगमन गर्ने सरकारी वकीलले देहाय बमोजिमका कुराहरू समेत खुलाई महान्यायाधिवक्ताको कार्यालयमा निरीक्षण प्रतिवेदन पेश गर्नु पर्नेछ :-

(क) सम्बन्धित सरकारी वकील कार्यालयले गर्नु पर्ने काम कारबाही समयमा तदारुकताका साथ गरे नगरेको,

(ख) फौजदारी मुद्दामा अभियोजन गर्दा अनुसन्धानबाट देखिएको सबुद प्रमाणको उचित मूल्याङ्कन गरी अभियोजन गरे, नगरेको,

(ग) आंशिक रूपमा मुद्दाको अभियोजन गरिएको भए सोको जानकारी उच्च सरकारी वकील कार्यालय र महान्यायाधिवक्ताको कार्यालयलाई समयमै पठाई प्राप्त निर्देशन अनुसार गरे नगरेको,

(घ) मुद्दा दायर, साक्षी प्रमाण पेश एवं बकपत्र, बहस पैरवी तथा पुनरावेदन सम्बन्धी काम कारबाहीमा आवश्यक सतर्कता देखाए, नदेखाएको,

(ङ) सम्पादन गरिएको काम कारबाही गुणात्मक र यथार्थपरक रहे नरहेको,

(च) मागिएको राय सल्लाह समयमा उपलब्ध गराए, नगराएको,

(छ) मासिक तथा वार्षिक प्रतिवेदन तोकिएको समयमा पठाए नपठाएको,

(ज) मातहतका सरकारी वकील तथा अन्य कर्मचारीको उचित नियन्त्रण र रेखदेख गरे, नगरेको,

(झ) लेखा तथा जिन्सी सम्बन्धी काम कारबाही आर्थिक ऐन, नियमबमोजिम भए नभएको र त्यस्तो स्रेस्ता दुरुस्त राखे नराखेको,

Office of the Attorney General Nepal

(ञ) महान्यायाधिवक्ता वा तालुक कार्यालय वा पूर्व निरीक्षणबाट भएको निर्देशन बमोजिमको काम कारबाही भए नभएको,

(ट) मिसिल, फायल, कानूनका किताब एवं कानून पत्रिकाहरू र सोको अभिलेख अद्यावधिक राखे नराखेको,

(ड) सूचना प्रबिधि सम्बन्धी काम कारवाही समयमा गरे नगरेको ।

(ण) पीडित मैत्री कक्षको व्यवस्थापन र पीडित मैत्री व्यवहार गरे नगरेको ।

(त) समन्वय समितिको बैठक निर्धारित समयमा गरे नगरेको ।

(थ) माथिल्लो निकायबाट जारी भएका परिपत्र र निर्देशनहरु कार्यान्वयन गरे नगरेको ।

(५) नियम (४) बमोजिम प्राप्त प्रतिवेदनका आधारमा सम्बन्धित सरकारी वकील कार्यालयका सरकारी वकील वा कर्मचारीले कार्य नगरेको वा कार्य सम्पादनमा लापरबाही गरेको वा बद्नियत साथ काम गरेको देखिएकोमा महान्यायाधिवक्ता वा विभागको प्रमुखले त्यस्तो सरकारी वकीललाई निजको सेवा शर्त सम्वन्धी कानून बमोजिम विभागीय कारवाही गर्न सक्नेछ ।

९. काम, कारबाहीको प्रतिवेदनः (१) प्रत्येक उच्च सरकारी वकील कार्यालय, विशेष सरकारी वकील कार्यालय र जिल्ला सरकारी वकील कार्यालयले आफूले सम्पादन गरेको काम कारबाहीको मासिक तथा बार्षिक प्रतिवेदन महान्यायाधिवक्ताको कार्यालयबाट निर्धारीत ढाँचामा तयार गरी महान्यायाधिवक्ताको कार्यालयमा पठाउनु पर्नेछ । जिल्ला सरकारी वकील कार्यालयले सम्वन्धित उच्च सरकारी वकील कार्यालयमा समेत त्यस्तो प्रतिवेदन पठाउनु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम मासिक प्रतिवेदन महिना समाप्त भएको साधारणतया सात दिनभित्र र प्रत्येक आर्थिक वर्षको वार्षिक प्रतिवेदन आर्थिक वर्ष समाप्त भएको पन्ध्र दिनभित्र तयार गरी पठाउनु पर्नेछ । तर आर्थिक वर्षको अन्तिम महिनाको मासिक प्रतिवेदन सोही आर्थिक वर्षको वार्षिक प्रतिवेदन साथ पठाउन सकिनेछ ।

(३) उपनियम (१) बमोजिम उच्च सरकारी वकील कार्यालयबाट पठाइने वार्षिक प्रतिवेदनमा अन्य कुराका अतिरिक्त आफ्नो र आफ्नो मातहतका प्रत्येक सरकारी वकील कार्यालयको भौतिक स्थिति, कार्यबोझ, काम कारबाहीको वास्तविक स्थिति चित्रण गरी आवश्यक सिफारिस र सुझावहरू समेत उल्लेख गर्नुपर्नेछ ।

(४) महान्यायाधिवक्ताको कार्यालयले आफूले गरेको काम कारबाहीको मासिक प्रतिवेदन सोही कार्यालयबाट निर्धारित ढाँचामा तयार गर्नु पर्नेछ ।

(५) नेपालको संविधान बमोजिम महान्यायाधिवक्ताले महान्यायाधिवक्ताको कार्यालय तथा मातहतका सरकारी वकील कार्यालयहरूबाट वर्ष भरी भए गरेका कामको वार्षिक प्रतिवेदन तयार गरी आर्थिक वर्ष भुक्तान भएको छ महीनाभित्र राष्ट्रपति समक्ष पेश गर्नु पर्नेछ ।

Office of the Attorney General, Nepal

(६) उपनियम (५) बमोजिम पेश गरिने वार्षिक प्रतिवेदनमा नेपालको संविधानको धारा १५९ को उपधारा (२) मा उल्लिखित कुराका अतिरिक्त देहायका कुराहरू समेत उल्लेख गर्नु पर्नेछः-

(क) मुलुकभित्र भए घटेका अपराधको प्रकृति, प्रवृत्ति तथा अपराध र जनसङ्ख्याको तुलनात्मक स्थिति,

(ख) नेपाल सरकारलाई सरोकार पर्ने मुद्दाको सफलता वा असफलताको स्थिति,

(ग) महान्यायाधिवक्ताको कार्यालयलाई प्राप्त विनियोजित बजेट र साधनको व्यवस्था,

(घ) सरकार वादी भई चल्ने मुद्दामा देखिएका समस्या र सुधारका उपायहरु ।

## परिच्छेद-४

## सरकारी वकीलको काम, कर्तव्य र अधिकार

१०. महान्यायाधिवक्ताको काम, कर्तव्य र अधिकार : (१) नेपालको संविधानको धारा १५८ तथा अन्य प्रचलित कानूनमा उल्लिखित काम, कर्तव्य र अधिकारको अतिरिक्त महान्यायाधिवक्ताको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ :-

(क) संबैधानिक एवं कानूनी विषयमा नेपाल सरकार र नेपाल सरकारले तोकेको पदाधिकारीलाई कानूनी राय सल्लाह प्रदान गर्ने,

(ख) सर्वोच्च अदालत र सो अदालतको संबैधानिक इजलासमा नेपाल सरकारलाई सरोकार पर्ने मुद्दामा नेपाल सरकार र नेपाल सरकारको अधिकारीको तर्फबाट उपस्थित भई बहस पैरवी गर्ने,

(ग) सर्वोच्च अदालतमा संविधानको व्याख्या सम्बन्धी वा अन्य कुनै जटिल कानूनी प्रश्न समावेश भएको वा सार्वजनिक महत्वको प्रश्न निहित रहेको मुद्दामा उपस्थित भई बहस पैरवी गर्ने,

(घ) अदालतबाट भएका आदेश वा फैसलाहरूको प्रभावकारी कार्यान्वयन गर्न गराउन उपयुक्त देखेमा सम्बन्धित मन्त्रालय, सचिवालय, विभाग वा कार्यालयलाई लेखी पठाउने,

(ङ) प्रचलित कानूनको कार्यान्वयनको क्रममा कुनै कठिनाई आई परेमा वा कुनै विषयमा तत्काल कानून बनाउनु पर्ने वा भैरहेको कानून संशोधन गर्न वा बनिरहेको कानून लागू गर्नु पर्ने देखिएमा सो को आधार र कारण खुलाई नेपाल सरकार समक्ष सिफारिस गर्ने,

(च) संवैधानिक निकाय, मन्त्रालय, सचिवालय, विभाग वा अन्य सरकारी कार्यालयबाट अदालतमा प्रस्तुत हुने लिखित जवाफ लगायतका कानूनी मस्यौदामा स्तरीयता

Office of the Attorney General, Nepal

ल्याउन त्यस्ता निकाय, मन्त्रालय, सचिवालय, विभाग वा कार्यालयलाई आवश्यक समन्वय गर्ने तथा निर्देशन दिने,

(छ) कारागार तथा हिरासतमा रहेका कैदी तथा थुनुवाको मानव अधिकारको अवस्थाबारे अनुगमन गरी सम्बन्धित निकायलाई आवश्यक निर्देशन दिने,

(ज) मुख्य न्यायाधिवक्ताहरुको काम कारवाहीको सम्बन्धमा एकरुपता र प्रभावकारिताका लागि आवश्यक सहजीकरण र समन्वय गर्ने ।

(२) कुनै गम्भीर वा सार्वजनिक महत्वको वा नेपाल सरकारलाई सरोकार पर्ने कुनै मुद्दामा तोकिएको सरकारी वकीलको अतिरिक्त अन्य सरकारी वकील खटाई मुद्दाको अभियोजन एवं बहस पैरवी गर्नु आवश्यक छ भन्ने लागेमा महान्यायाधिवक्ताले थप सरकारी वकीललाई खटाउन सक्नेछ ।

(३) कानून बमोजिम गठित संस्था वा निकायले गरेको कुनै निर्णय वा काम कारबाहीबाट संविधान वा प्रचलित कानूनको उल्लङ्घन वा सार्वजनिक हित प्रतिकूल भएको छ भन्ने महान्यायाधिवक्तालाई लागेमा र त्यस्तो निर्णय वा काम कारबाही विरुद्ध उजुर गर्न कानूनले कुनै अधिकारी तोकेको रहेनछ भने महान्यायाधिवक्ता आफैंले वा निजले तोकेको सरकारी वकीलले त्यस्तो निर्णय वा काम कारबाही विरुद्ध कानूनबमोजिम सम्बन्धित निकायमा उजुर गर्न सक्नेछ ।

११. <u>नायब महान्यायाधिवक्ताको काम, कर्तव्य र अधिकार</u> : यस नियमावलीको अधीनमा रही महान्यायाधिवक्ताको कार्यालयका नायब महान्यायाधिवक्ताको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ :-

(क) महान्यायाधिवक्ताको कार्य सम्पादनमा सहयोग गर्ने,

(ख) कुनै संवैधानिक वा कानूनी विषयमा नेपाल सरकार, नेपाल सरकारको कुनै मन्त्रालय, सचिवालय वा संवैधानिक निकायलाई कानूनी राय सल्लाह दिने,

(ग) नेपाल सरकारलाई हक, हित वा सरोकार पर्ने मुद्दामा नेपाल सरकार वा नेपाल सरकारको कर्मचारीको तर्फबाट अड्डा अदालतमा उपस्थित भई बहस पैरवी गर्ने,

(घ) नेपाल सरकारलाई सरोकार पर्ने मुद्दामा पुनरावेदन, पुनरावलोकन वा मुद्दा दोहोऱ्याउनको लागि नेपाल सरकार वा नेपाल सरकारको कर्मचारीको तर्फबाट निवेदन दिने सम्बन्धी कारबाही गर्ने, गराउने,

(ङ) विभागको प्रमुखको रुपमा तोकिएको कार्य गर्ने ।

१२. <u>महान्यायाधिवक्ताको कार्यालयका अन्य सरकारी वकीलहरूको काम, कर्तव्य, अधिकार</u> : यस नियमावलीको अधीनमा रही महान्यायाधिवक्ताको कार्यालयका सहन्यायाधिवक्ता, उपन्यायाधिवक्ता तथा सहायक न्यायाधिवक्ताहरूको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ :-

(क) महान्यायाधिवक्ताको कार्य सम्पादनमा सहायता पुऱ्याउने,

Office of the Attorney General, Nepal

(ख) सर्वोच्च अदालत वा अन्य कुनै अड्डा अदालतमा नेपाल सरकारको हक, हित वा सरोकार पर्ने मुद्दामा नेपाल सरकार वा नेपाल सरकारको कर्मचारीको तर्फबाट उपस्थित भई बहस पैरवी गर्ने,

(ग) महान्यायाधिवक्ता वा नायब महान्यायाधिवक्ताले तोके अनुसार मुद्दा मामिला सम्बन्धी अन्य काम कारबाही गर्ने,

(घ) महान्यायाधिवक्ता वा नायब महान्यायाधिवक्ताले तोकेको अन्य काम गर्ने ।

१३. अन्य कर्मचारीको काम, कर्तव्य र अधिकार : महान्यायाधिवक्ताको कार्यालयका सरकारी वकील बाहेकका अन्य अधिकृत तथा कर्मचारीहरूले तोकिएको दैनिक प्रशासनिक काम कारबाहीका अतिरिक्त मुद्दा मामिलाको बहस पैरवी प्रतिरक्षा लगायत अन्य काम कुरामा सम्बन्धित सरकारी वकीललाई सहयोग गर्नु पर्नेछ ।

१४. उच्च सरकारी कार्यालयका सहन्यायाधिवक्ताको काम, कर्तव्य र अधिकार : (१) उच्च सरकारी वकील कार्यालयका सहन्यायाधिवक्ताको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ :-

(क) आफ्नो प्रादेशिक अधिकार क्षेत्रभित्र रहेको उच्च अदालत वा अन्य कुनै अड्डा अदालतमा नेपाल सरकारका तर्फबाट अभियोगपत्र, पुनरावेदनपत्र, निवेदनपत्र दायर गर्ने गराउने तथा उपस्थित भई बहस पैरवी गर्ने,

(ख) नेपाल सरकार वादी हुने मुद्दामा अधिकार प्राप्त अधिकारीद्वारा अनुसन्धान तहकिकात एवं छानबिन गरी आवश्यक कारबाहीका लागि आएका मिसिलहरूमा महान्यायाधिवक्ताबाट अधिकार प्रत्यायोजन भएबमोजिम मुद्दा चलाउने वा नचलाउने निर्णय गर्ने,

(ग) आफ्नो प्रादेशिक अधिकार क्षेत्रभित्र रहेको उच्च अदालत र अन्य कुनै अड्डा अदालतमा नेपाल सरकारलाई सरोकार पर्ने मुद्दामा नेपाल सरकार वा नेपाल सरकारको कर्मचारीको तर्फबाट पुनरावेदनपत्र, निवेदनपत्र दायर गर्ने गराउने र उपस्थित भई बहस पैरवी गर्ने,

(घ) महान्यायाधिवक्ताले खटाएमा आफ्नो प्रादेशिक अधिकार क्षेत्र बाहिरका कुनै अड्डा अदालतमा उपस्थित भई बहस, पैरवी लगायतका काम कारबाही गर्ने,

(ङ) आफ्नो प्रादेशिक अधिकार क्षेत्रभित्र रहेका प्रदेश प्रमुखको कार्यालय लगायत नेपाल सरकार अन्तर्गतका कुनै सरकारी कार्यालय वा सो कार्यालयको प्रमुखले वा अन्य कुनै विभागीय प्रमुखले मागेको कुनै कानूनी प्रश्नमा राय सल्लाह दिने,

(च) हिरासतमा रहेका व्यक्तिलाई मानवोचित व्यवहार नगरेको वा त्यस्तो व्यक्तिलाई आफन्तसँग वा कानून व्यवसायी मार्फत भेटघाट गर्न नदिएको भन्ने उजूरी परेमा वा सो विषयमा जुनसुकै तरिका वा माध्यमबाट जानकारी हुन आएमा आवश्यक छानबिन गरी त्यस्तो हुनबाट रोक्न सम्बन्धित अधिकारीलाई आवश्यक निर्देशन दिने,

Office of the Attorney General, Nepal

(छ) खण्ड (च) बमोजिम छानबिन गरी निर्देशन दिएको विषयमा महान्यायाधिवक्ता समक्ष त्रैमासिक रूपमा प्रतिवेदन पेश गर्ने,

(२) उच्च सरकारी वकील कार्यालयका सहन्यायाधिवक्ताले प्रचलित कानूनको अधीनमा रही यस नियमावली बमोजिम आफूमा निहित प्रशासकीय अधिकारमध्ये सबै वा केही अधिकार आफू मातहतको अन्य कुनै सरकारी वकील वा अधिकृतद्वारा प्रयोग गर्न पाउने गरी प्रत्यायोजन गर्न सक्नेछ ।

१५. उच्च सरकारी वकील कार्यालयका अन्य सरकारी वकीलको काम, कर्तव्य र अधिकार : उच्च सरकारी वकील कार्यालयका अन्य सरकारी वकीलको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) सहन्यायाधिवक्ताको कार्य सम्पादनमा सहायता पुऱ्याउनु,

(ख) नेपाल सरकार वादी हुने मुद्दामा अधिकार प्राप्त अधिकारीद्वारा अनुसन्धान तहकिकात एवं छानबिन गरी आवश्यक कारबाहीका लागि आएका मिसिलहरूमा महान्यायाधिवक्ताबाट अधिकार प्रत्यायोजन भएबमोजिम मुद्दा चलाउने वा नचलाउने निर्णय गर्ने,

(ग) खण्ड (ख) बमोजिम मुद्दा चल्ने नचल्ने निर्णय गर्ने सिलसिलामा मिसिल अध्ययन गर्दा मुद्दा चल्ने देखिएमा आफ्नै कार्यालयबाट चलाउनु पर्ने मुद्दाको हकमा सम्बन्धित अदालतमा अभियोगपत्र दायर गरी बहस पैरवी गर्ने,

(घ) नेपाल सरकारलाई सरोकार पर्ने मुद्दामा सहन्यायाधिवक्ताले खटाए बमोजिम नेपाल सरकारको तर्फबाट अड्डा अदालतमा उपस्थित भई बहस पैरवी गर्ने,

(ङ) मुद्दा हेर्ने अधिकारी तथा सम्बन्धित अदालतबाट भएको फैसला वा आदेश उपर पुनरावेदन, निवेदन गर्ने सम्बन्धी आवश्यक कार्य गर्ने, गराउने ।

१६. विशेष सरकारी वकील कार्यालयका सहन्यायाधिवक्ताको काम, कर्तव्य र अधिकारः (१) विशेष सरकारी वकील कार्यालयका सहन्यायाधिवक्ताको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ :-

(क) विशेष सरकारी वकील कार्यालयलाई अभियोजन गर्न अधिकार भएका फौजदारी मुद्दामा अधिकार प्राप्त अधिकारीद्वारा अनुसन्धान तहकिकात एवं छानबिन गरी आवश्यक कारबाहीका लागि आएका मिसिलहरूमा अधिकार प्रत्यायोजन भए बमोजिम मुद्दा चल्ने वा नचल्ने निर्णय गर्ने तथा मुद्दा चल्ने निर्णय भएकोमा सम्बन्धित अदालतमा अभियोगपत्र दायर गर्ने, गराउने,

(ख) उच्च अदालत, पाटनको वाणिज्य इजलास, विशेष अदालत, प्रशासकीय अदालत, वैदेशिक रोजगार न्यायाधिकरण, राजस्व न्यायाधिकरण, काठमाडौ र अन्य कुनै अड्डा अदालतमा सुनुवाई हुने नेपाल सरकारलाई सरोकार पर्ने मुद्दामा नेपाल सरकार वा नेपाल सरकारको कर्मचारीको तर्फबाट उपस्थित भई बहस पैरवी गर्ने,

Office of the Attorney General, Nepal

(ग) उच्च अदालत, पाटनको वाणिज्य इजलास, विशेष अदालत, प्रशासकीय अदालत, वैदेशिक रोजगार न्यायाधिकरण, राजस्व न्यायाधिकरण, काठमाडौंबाट भएका आदेश वा फैसला उपर निवेदन, पुनरावेदन गर्नुपर्ने भएमा मस्यौदा सहित महान्यायाधिवक्ताको कार्यालयमा पठाई निकासा भए बमोजिम गर्ने,

(घ) महान्यायाधिवक्ताले तोकेको काम कारबाही गर्ने,

(ङ) प्रचलित कानून बमोजिम कार्यालय प्रमुखलाई भएका अधिकार बमोजिमको काम कारबाही गर्ने ।

(२) विशेष सरकारी वकील कार्यालयको सहन्यायाधिवक्ताले यस नियमावली बमोजिम आफूमा निहित प्रशासकीय अधिकारमध्ये सबै वा केही अधिकार आफू मातहतको अन्य कुनै सरकारी वकील वा अधिकृतद्वारा प्रयोग गर्न पाउने गरी प्रत्यायोजन गर्न सक्नेछ ।

१७. <u>विशेष सरकारी वकील कार्यालयका अन्य सरकारी वकीलको काम, कर्तव्य र अधिकारः</u> विशेष सरकारी वकील कार्यालयका अन्य सरकारी वकीलको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ :-

(क) सहन्यायाधिवक्ताको कार्य सम्पादनमा सहायता पुऱ्याउनु,

(ख) नेपाल सरकार वादी हुने मुद्दामा अधिकार प्राप्त अधिकारीद्वारा अनुसन्धान तहकिकात एवं छानबिन गरी आवश्यक कारबाहीका लागि आएका मिसिलहरूमा महान्यायाधिवक्ताबाट अधिकार प्रत्यायोजन भएबमोजिम मुद्दा चलाउने वा नचलाउने निर्णय गर्ने, र मुद्दा चलाउने निर्णय भएकोमा सम्वन्धित अदालतमा अभियोगपत्र दायर गर्ने,

(ग) नेपाल सरकारलाई सरोकार पर्ने मुद्दामा सहन्यायाधिवक्ताले खटाए बमोजिम नेपाल सरकारको तर्फबाट अड्डा अदालतमा उपस्थित भई बहस पैरवी गर्ने,

(घ) मुद्दा हेर्ने अधिकारी तथा सम्बन्धित अदालतबाट भएको फैसला वा आदेश उपर पुनरावेदन, निवेदन गर्ने सम्बन्धी आवश्यक कार्य गर्ने गराउने ।

१८. <u>जिल्ला सरकारी वकील कार्यालयका सहन्यायाधिवक्ता तथा जिल्ला न्यायाधिवक्ताको काम, कर्तव्य र अधिकार</u> : (१) यो नियमावलीको अधीनमा रही जिल्ला सरकारी वकील कार्यालयका सहन्यायाधिवक्ता तथा जिल्ला न्यायाधिवक्ताको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछः-

(क) नेपाल सरकार वादी हुने फौजदारी मुद्दा तथा देवानी मुद्दामा प्रहरी वा अधिकार प्राप्त अधिकारीद्वारा अनुसन्धान तहकिकात एवं छानबिन गरी आवश्यक कारबाहीका लागि आएका मिसिलहरूमा महान्यायाधिवक्ताबाट अधिकार प्रत्यायोजन भएबमोजिम मुद्दा चल्ने नचल्ने निर्णय गर्ने,

(ख) खण्ड (क) बमोजिमका मुद्दामा कुनै अड्डा, अदालत समक्ष उपस्थित भै बहस पैरवी र प्रतिरक्षा गर्ने,

Office of the Attorney General, Nepal

(ग) नेपाल सरकारलाई सरोकार पर्ने अन्य जुनसुकै मुद्दामा नेपाल सरकार वा नेपाल सरकारको कर्मचारीको तर्फबाट अड्डा अदालतमा उपस्थित भई बहस पैरवी र प्रतिरक्षा गर्ने,

(घ) प्रचलित कानून बमोजिम कार्यालय प्रमुखलाई भएका अधिकार एवम् जिल्ला न्यायाधिवक्ताले गर्ने भनी तोकिएका अन्य काम कारबाही गर्ने,

(ङ) सम्बन्धित जिल्लामा रहेका नेपाल सरकार अन्तर्गतका सरकारी कार्यालय वा सो कार्यालयको प्रमुखले मागेको कुनै कानूनी प्रश्नमा राय सल्लाह दिने,

(च) मुद्दा हेर्ने अधिकारी वा सम्बन्धित अदालतबाट भएको फैसला वा आदेश उपर पुनरावेदन, निवेदन गर्ने सम्बन्धी आवश्यक कार्य गर्ने ।

(२) यस नियम बमोजिम सहन्यायाधिवक्ता तथा जिल्ला न्यायाधिवक्तालाई भएको अधिकार निजको निर्देशनमा रही उपन्यायाधिवक्ता र सहायक जिल्ला न्यायाधिवक्ताले प्रयोग गर्न सक्नेछ ।

१९. अनुपस्थित सरकारी वकीलको काम अन्य सरकारी वकीलले गर्न सक्ने : (१) सरकारी वकील कार्यालयमा कुनै सरकारी वकील अनुपस्थित रहेको वा निजको पद रिक्त रहेको अवस्थामा यस नियमावली बमोजिम त्यस्तो सरकारी वकीलले गर्नु पर्ने काम सो कार्यालयमा उपस्थित रहेको कुनै पनि सरकारी वकीलले गर्न सक्नेछ ।

(२) मातहत कार्यालयको कुनै सरकारी वकील अनुपस्थित रहेको वा निजको पद रिक्त रहेको अवस्थामा यस नियमावली बमोजिम त्यस्तो सरकारी वकीलले गर्नु पर्ने काम माथिल्लो तहको सरकारी वकील कार्यालयको तोकिएको कुनै पनि तहको सरकारी वकीलले गर्न सक्नेछ ।

(३) कुनै सरकारी वकील कार्यालय वा निकायमा कार्यरत सरकारी वकील अनुपस्थित रहेको वा पद रिक्त रहेको अवस्थामा यस नियमावली बमोजिम त्यस्तो सरकारी वकीलले गर्नु पर्ने काम अर्को कार्यालयका सरकारी वकीलले गर्ने गरी महान्यायाधिवक्ताले वा आफ्नो क्षेत्रभित्र सम्बन्धित सहन्यायाधिवक्ताले तोक्न सक्नेछ ।

(४) माथिका उपनियममा जनुसुकै कुरा लेखिएको भएतापनि महान्यायाधिवक्ताले विशेष अवस्थामा कुनै पनि तहको सरकारी वकीललाई विशेष जिम्मेवारी दिई कुनै पनि सरकारी वकील कार्यालयमा खटाउन सक्नेछ ।

२०. सहयोग गर्नु पर्ने : नेपाल सरकारलाई सरोकार पर्ने आफ्नो कार्यक्षेत्रभित्रको मुद्दा दायर गर्न वा बहस पैरवी गर्न यस नियमावली बमोजिम अरू नै सरकारी वकील विशेष तवरले खटिएमा निजलाई सहयोग गर्नु सम्वन्धित सरकारी वकील कार्यालयका सरकारी वकीलको कर्तव्य हुनेछ ।

Office of the Attorney General, Nepal

## परिच्छेद-५

### पुनरावेदन गर्दा वा पुनरावलोकन वा मुद्दा दोहोऱ्याउनको लागि निवेदन दिँदाको कार्यविधि

२१. पुनरावेदन गर्ने सम्बन्धी कार्यविधि : (१) नेपाल सरकार वादी हुने फौजदारी तथा देवानी मुद्दामा कुनै अदालत वा मुद्दा हेर्ने निकायबाट भएको फैसला उपर मिसिल संलग्न प्रमाणबाट पुनरावेदन गर्नु पर्ने देखिएमा त्यस्तो मुद्दा अभियोजन वा वहस पैरवी गर्न वा त्यस्तो फैसला उपर पुनरावेदन दायर गर्न तोकिएको सरकारी वकीलले पुनरावेदनको मस्यौदा तयार गरी पुनरावेदन दायर गर्ने जिम्मेवारी भएको सरकारी वकील कार्यालयमा पुनरावेदन म्याद शुरु भएको पाँच दिनभित्र पठाई सक्नु पर्नेछ ।

तर जिल्ला अदालतमा पुनरावेदन लाग्ने मुद्दामा जिल्ला सरकारी वकील कार्यालयको सम्बन्धित सरकारी वकीलले पुनरावेदन वा निवेदन गर्नेछ ।

(२) उपनियम (१) बमोजिम सरकारी वकीलबाट पुनरावेदन मस्यौदा प्राप्त भएपछि सम्बन्धित कार्यालयका सरकारी वकीलले प्राप्त मस्यौदा जाँचबुझ गरी पुनरावेदन गर्नु पर्ने देखिएमा नेपाल सरकारको तर्फबाट अदालतमा पुनरावेदन गर्नु पर्नेछ ।

२२. पुनरावेदन नगर्दाको कार्यविधि : (१) नेपाल सरकार वादी हुने फौजदारी तथा देवानी मुद्दामा कुनै अदालत वा मुद्दा हेर्ने निकायबाट भएको फैसला उपर पुनरावेदन गर्नु पर्ने आवश्यकता नदेखिएमा पुनरावेदन गर्नु नपर्ने कारण सहितको राय माथिल्लो सरकारी वकील कार्यालयमा पुनरावेदनको म्याद सुरु भएको पाँच दिनभित्र पठाउनु पर्नेछ ।

(२) उपनियम (१) अन्तर्गत पुनरावेदन नगर्ने प्रस्ताव प्राप्त भएपछि माथिल्लो सरकारी वकील कार्यालयले पनि पुनरावेदन गर्नु नपर्ने वा उपयुक्त नहुने देखेमा पुनरावेदन नगर्ने आधार र कारण सहित निकासाको लागि प्राप्त भएको पाँच दिनभित्र महान्यायाधिवक्ता समक्ष पेश गरी निकाशा भए बमोजिम गर्ने गराउनेछ ।

(३) उप नियम (२) मा जुनसुकै कुरा लेखिएको भए पनि जिल्ला अदालतले पुनरावेदनको रोहमा गरेको फैसला उपर न्याय प्रशासन ऐन, २०७३ को दफा ८ को खण्ड (ग) बमोजिम उच्च अदालतमा पुनरावेदन नगर्ने अन्तिम निर्णय सम्वन्धित उच्च सरकारी वकील कार्यालयको सहन्यायाधिवक्ताले गर्न सक्नेछ । यसरी निर्णय भएकोमा सो को अभिलेख राखी निर्धारीत ढाँचामा सोको विवरण माथिल्लो सरकारी वकील कार्यालयमा निर्णय भएको मितिले ३ दिनभित्र पठाउनु पर्नेछ ।

२३. मुद्दा दोहोऱ्याउने निवेदन सम्बन्धी कार्यविधि : -१) न्याय प्रशासन ऐन, २०७३ को दफा १२ बमोजिम कुनै मुद्दामा दोहोऱ्याउने निवेदन गर्न उपयुक्त छ भन्ने लागेमा त्यस्तो मुद्दामा पुनरावेदन दायर गर्न वा वहस पैरवी गर्न तोकिएको सरकारी वकीलले उच्च अदालतबाट फैसला वा अन्तिम आदेश भएको मितिले पाँच दिनभित्र मुद्दा दोहोऱ्याउने सम्बन्धी निवेदनको मस्यौदा तयार गरी महान्यायाधिवक्ता समक्ष पठाउनु पर्नेछ ।

(२) कुनै मुद्दामा उच्च अदालतबाट भएको फैसला वा अन्तिम आदेश उपर मुद्दा दोहोऱ्याउने निवेदन गर्न उपयुक्त छैन भन्ने लागेमा उच्च सरकारी वकील कार्यालयको सहन्यायाधिवक्ताले आधार र कारण उल्लेख गरी मुद्दा दोहोऱ्याउने निवेदन नगर्ने निर्णय गर्न



Office of the Attorney General, Nepal

सक्नेछ । यसरी निर्णय भएकोमा सो को अभिलेख राखी निर्धारीत ढाँचामा सोको विवरण महान्यायाधिवक्ताको कार्यालयमा निर्णय भएको मितिले तीन दिनभित्र पठाउनु पर्नेछ ।

२४. निवेदन सम्बन्धी कार्यविधि : -१) कुनै अदालत, निकाय वा अधिकारीबाट भएको आदेश वा अन्तरकालीन आदेश उपर मुलुकी फौजदारी कार्यविधि संहिता दफा ७३ तथा न्याय प्रशासन ऐन, २०७३ को दफा १५ बमोजिम पुनरावेदन सुन्ने अदालतमा निवेदन दिन उपयुक्त लागेमा त्यस्तो मुद्दामा पुनरावेदन दायर गर्न वा वहस पैरवी गर्न तोकिएको सरकारी वकीललाई निवेदन मस्यौदा तयार गर्न लगाई निवेदन गर्ने प्रस्ताव आदेशको जनाउ प्राप्त भएको पाँच दिनभित्र जिल्ला सरकारी वकील कार्यालयले भए उच्च सरकारी वकील कार्यालयमा र उच्च सरकारी वकील कार्यालयले भए महान्यायाधिवक्ता समक्ष पठाउनु पर्छ ।

तर जिल्ला अदालतमा निवदेन लाग्ने मुद्दामा जिल्ला सरकारी वकील कार्यालयको सम्बन्धित सरकारी वकीलले निवेदन गर्नेछ ।

(२) उप नियम (१) बमोजिम प्राप्त प्रस्ताव अध्ययन गर्दा निवेदन गर्नु पर्ने देखिएमा उच्च सरकारी वकील कार्यालयका सहन्यायाधिवक्ता वा महान्यायाधिवक्ताले सम्बन्धित अदालतमा निवेदन गर्ने वा गर्न लगाउनेछ ।

२५. पुनरावेदन गर्न, पुनरावलोकन गर्न वा मुद्दा मुद्दा दोहोऱ्याउन निवेदन दिन आदेश दिन सक्ने : नेपाल सरकारलाई सरोकार पर्ने मुद्दामा अदालत वा मुद्दा हेर्ने निकायले गरेको निर्णय वा आदेश उपर पुनरावेदन वा पुनरावलोकन वा मुद्दा दोहोऱ्याउन निवेदन गर्नुपर्ने देखिएमा महान्यायाधिवक्ताले सो बमोजिम गर्नका लागि सम्बन्धित अधिकारीलाई लेखी पठाउन सक्नेछ र त्यसरी लेखी आएमा सम्बन्धित अधिकारीले पनि सोही बमोजिम गर्नु गराउनु पर्नेछ ।

२६. मुद्दाको कागजात सहित प्रस्ताव पठाउने : (१) यस परिच्छेद बमोजिम पुनरावेदन वा निवेदन गर्ने वा नगर्ने प्रस्ताव पठाउँदा अदालत वा न्यायिक निकायको निर्णय एवं मिसिल संलग्न कागजात समेत राखी पठाउनु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम पुनरावेदन गर्ने, नगर्ने वा निवेदन गर्ने वा नगर्ने प्रस्ताव पठाउँदा सो गर्नु पर्ने वा गर्नु नपर्ने आधार र कारण स्पष्ट रूपमा खुलाउनु पर्नेछ ।

२७. इतलायनामा वा सूचना तामेल भएपछिको कारबाही: नेपाल सरकार उपर वा सरकारी कामको सिलसिलामा सरकारी कर्मचारी उपर परेको नालिस उजुरका सम्बन्धमा अदालतबाट जारी भएको इतलायनामा वा सूचना सरोकारवाला सरकारी वकीलले पाउनासाथ संलग्न कागजात सहित सम्बन्धित कार्यालय वा कर्मचारीलाई तुरुन्त पठाई दिनु पर्नेछ ।

२८. सरकारी कर्मचारी उपर नालिस, उजुर, पुनरावेदन परेमा: (१) सरकारी काम कारबाहीको सन्दर्भमा कुनै सरकारी कर्मचारी उपर परेको नालिस, पुनरावेदन उजुर सम्बन्धमा अदालतबाट इतलायनामा वा सूचना सम्बन्धित कर्मचारीले पाएपछि निजले सो मुद्दामा नेपाल सरकारको तर्फबाट प्रतिरक्षा होस् भन्ने चाहेमा विभागीय प्रमुख समक्ष निम्न लिखित कुराहरू खुलाई तुरुन्त प्रतिवेदन गर्नु पर्नेछ :-

(क) मुद्दाको नाम र सङ्ख्या,

Office of the Attorney General, Nepal

(ख) कुन मितिमा कुन अदालतमा दायर गरिएको हो सो कुरा,

(ग) सबै पक्षहरूको नाम नामेसी,

(घ) दाबीको मोल बिगो,

(ङ) अदालतमा प्रत्युत्तर वा प्रतिवाद गर्नु पर्ने म्याद र सो म्याद थमाउनु पर्ने भए सो कुरा,

(च) प्रचलित नेपाल कानूनबमोजिम मुद्दा गरिने सूचना प्राप्त भएको छ छैन ? प्राप्त भएको भए प्राप्त भएको मिति,

(छ) मुद्दामा वादीले पेश गरेको र प्रतिवादीबाट पेश हुने प्रमाणका लिखत कागजात,

(ज) सम्बन्धित सरकारी वकीलको राय, र

(झ) मुद्दासम्बन्धी भए गरेका लेखापढी वा अन्य कारबाहीका कागजात ।

(२) उप नियम (१) बमोजिम प्रतिवेदन प्राप्त हुन आएमा भएमा विभागीय प्रमुखले सम्बन्धित कागजात सहित प्रतिरक्षाका लागि सम्वन्धित सरकारी वकील कार्यालयमा लेखी पठाउन सक्नेछ ।

२९. नेपाल सरकार उपर परेको मुद्दा सम्बन्धमा कारबाही : (१) नेपाल सरकार उपर परेको मुद्दामा वा नेपाल सरकारको तर्फबाट दायर हुनु पर्ने मुद्दामा सम्बन्धित विभागीय प्रमुख वा कार्यालय प्रमुखले फिरादपत्र, प्रतिउत्तरपत्र वा लिखित जवाफ दिनु अघि सम्बन्धित सरकारी वकीलसँग आवश्यक कानूनी सल्लाह लिई त्यस्तो फिरादपत्र, प्रतिउत्तरपत्र वा लिखित जवाफ, सो मुद्दासँग सम्बन्धित कागजात एवं प्रमाण सङ्कलन गरी गराई आफैं दायर वा पेश गर्नु पर्नेमा आफैंले र सरकारी वकीलबाट दायर वा पेश गर्नु पर्ने भएमा सम्बन्धित सरकारी वकीलबाट दायर वा पेश गराउनु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम दायर भएको मुद्दामा आवश्यक कागजात सहित प्रतिरक्षाको लागि सम्बन्धित सरकारी वकील कार्यालयमा पठाउनु पर्नेछ ।

(३) सरकारी काम कारबाहीको सम्बन्धमा कुनै सरकारी कर्मचारी उपर नालिस वा उजुर परेकोमा नियम २८ बमोजिमको कार्यविधि पूरा गरी त्यस्तो कर्मचारीको तर्फबाट प्रतिरक्षा होस् भनी विभागीय प्रमुखले अनुरोध गरी पठाएमा सम्बन्धित सरकारी वकील कार्यालयबाट त्यस्ता कर्मचारीको प्रतिरक्षा गरिदिनु पर्नेछ ।

(४) उपनियम (२) र (३) बमोजिमको मुद्दामा प्रतिरक्षा गर्न लेखी पठाउँदा सम्बन्धित मिसिल कागजात समेत दुरुस्त राखी पठाउनु पर्नेछ । सम्बन्धित अधिकृत वा पदाधिकारीबाट समय समयमा कागजात नपठाएका कारणले मुद्दामा असर पर्न गएमा सोको जानकारी सम्बन्धित विभागीय प्रमुखलाई पठाईदिनु पर्नेछ ।

३०. पुनरावेदन, पुनरावलोकन वा दोहोऱ्याउनको लागि निवेदनपत्र दिँदाको कार्यविधि : (१) देवानी मुद्दा वा नेपाल सरकार वा सरकारी कर्मचारीको तर्फबाट अदालतमा दायर भएको र अन्य कसैले



Office of the Attorney General, Nepal

नेपाल सरकार वा सरकारी कर्मचारी उपर मुद्दा दायर गरेकोमा त्यस्तो मुद्दा फैसला भएपछि नेपाल सरकारको तर्फबाट पुनरावेदन गर्न अनुमति माग्ने, पुनरावलोकन हुन वा दोहोरिन सक्नेमा सोको माग गर्ने वा अन्य कुनै निवेदन पत्र दिने, इन्साफ जँचाउने, फैसला दोहोऱ्याउने आदि विषयमा निर्णय गर्नु पूर्व सम्बन्धित अधिकृतले चाहेमा महान्यायाधिवक्ताको कार्यालयमा सो विषयमा राय सल्लाह लिन सक्नेछ

(२) नेपाल सरकारले निवेदन दिने, इन्साफ जँचाउने, फैसला दोहोऱ्याउने आदि कार्यको लागि सम्बन्धित मन्त्रालयको कर्मचारी खटाई सरकारी वकीलको सहयोगमा आवश्यक लिखत कागजात वा निवेदन तयार गर्न लगाई सम्बन्धित अधिकृतको दस्तखत गराई अदालतमा दर्ता गराई सकेपछि फाईल बहस पैरवीको लागि सरकारी वकील समक्ष पठाउनु पर्नेछ ।

३१. <u>अदालतबाट भएका फैसला वा आदेश बमोजिम भरिभराउ गर्ने</u> : नेपाल सरकारको विरुद्ध वा नेपाल सरकारका तर्फबाट प्रतिरक्षा गरिएको वा सरकारी कर्मचारीको विरुद्ध कुनै अदालतले गरेको फैसला वा आदेश अन्तिम भएपछि प्रचलित कानूनको म्यादभित्र सोबमोजिम भरी भराउको लागि दरखास्त परी सम्बन्धित अधिकारीले लेखी पठाएमा विभागीय प्रमुखले भरी भराउको कारबाही गरी गराई दिनु पर्छ ।

Office of the Attorney General, Nepal

## परिच्छेद-६

## विविध

३२. सरकारी वकीलको सहयोग गर्न कर्मचारी खटाउनु पर्ने : (१) नेपाल सरकार वादी मुद्दा वा नेपाल सरकारलाई सरोकार पर्ने अन्य कुनै मुद्दा कुनै अड्डा अदालतमा चलिरहेको अवस्थामा वा मुद्दा दायर गर्नु पर्ने देखिएमा साक्षी प्रमाण जुटाउने लगायतका अन्य विविध काममा सरकारी वकीलले सहायता मागेमा सम्बन्धित विभागीय प्रमुख वा अधिकृतले मुद्दाको वस्तुस्थिति बुझेको कर्मचारी खटाई दिनु पर्छ ।

-२) नेपाल सरकारलाई सरोकार पर्ने मुद्दामा आवश्यक पर्ने निर्णय, मिसिल, फाइल वा कागजात सम्बन्धित सरकारी वकील कार्यालयबाट माग भएमा सम्बन्धित मन्त्रालय, सचिवालय, विभाग वा कार्यालयका प्रमुखले यथाशीघ्र त्यस्तो कार्यालयमा पठाउनु पर्नेछ ।

(३) उपनियम (२) बमोजिमका मिसिल कागजात प्राप्त नभएमा त्यस्तो मुद्दामा सरकारी वकीलले प्रतिरक्षा गर्न इन्कार गर्न सक्नेछ ।

३३. विभागीय कारबाही गर्न लेखी पठाउन सक्ने : (१) सरकारी वकीलले देहायको अवस्थामा देहायका कर्मचारी वा अधिकारी उपर विभागीय कारबाहीको लागि महान्यायाधिवक्ता समक्ष लेखी पठाउन सक्नेछः-

(क) मुद्दाको सन्दर्भमा सम्बन्धित निकायलाई दिएको निर्देशन पालन नगरी वा यस नियमावली बमोजिम माग गरेको सहयोग प्रदान नगरेको कारण मुद्दाको अभियोजन, निर्णय वा बहस पैरवीमा प्रतिकूल असर परेमा सो निर्देशन पालना नगर्ने निकायको प्रमुख,

(ख) कुनै निर्णय, मिसिल, फाइल वा कागजात माग गर्दा समयमा नपठाइएको कारणबाट मुद्दामा असर पर्न गएमा त्यसरी निर्णय, मिसिल फाइल वा कागजात नपठाउने विभागीय प्रमुख, कार्यालय प्रमुख वा सम्बद्ध कर्मचारी,

(ग) मुद्दाको सिलसिलामा वा कानूनी रायको लागि प्राप्त भएका कागजात अध्ययन गर्दा कुनै निकायको प्रमुख भई काम गर्ने अधिकारीले कानून उल्लङ्घन गरेको वा हेलचक्राई वा बदनियतसाथ काम गरेको कारणबाट नेपाल सरकारलाई हानि नोक्सानी पुगेको वा सार्वजनिक हितमा असर परेको वा सर्वसाधारणमा क्षति पुऱ्याउने वा हैरानी दिने काम गरेको देखेमा त्यस्तो निकायको प्रमुख भई काम गर्ने अधिकारी,

(घ) नेपाल सरकार बादी हुने मुद्दामा सरकारी वकीलको निर्णयभन्दा फरक दावी गरेमा त्यस्ता कर्मचारी ।

(२) उपनियम (१) बमोजिम सम्बन्धित सरकारी वकीलबाट लेखी आएको व्यहोरा आवश्यक जाँचबुझ गर्दा मनासिव लागेमा वा सरकारी वकीलबाट त्यसरी लेखी नआए पनि महान्यायाधिवक्ताले विभागीय कारबाहीको लागि लेखी पठाउनु पर्ने आधार देखेमा सम्बन्धित

Office of the Attorney General, Nepal

कर्मचारी वा अधिकारी उपर प्रचलित कानून बमोजिम विभागीय कारबाहीको लागि अख्तियारवाला समक्ष लेखी पठाउन सक्नेछ ।

(३) उपनियम (२) बमोजिम लेखी आएमा सम्बन्धित अख्तियारवालाले त्यस्तो कर्मचारी वा अधिकारीलाई प्रचलित कानून बमोजिम विभागीय कारबाही गरी सोको जानकारी महान्यायाधिवक्तालाई गराउनु पर्नेछ ।

३४. निर्णयको जानकारी पठाउनु पर्ने : (१) प्रचलित कानून बमोजिम अनुसन्धान तहकिकात पूरा भई प्राप्त भएको मिसिलमा मुद्दा नचल्ने गरी निर्णय भएकोमा सो निर्णय भएको मितिले तीन दिनभित्र जिल्ला सरकारी वकील कार्यालयले उच्च सरकारी वकील कार्यालय समक्ष र उच्च सरकारी वकील कार्यालयले महान्यायाधिवक्ताको कार्यालयमा निकासाको लागि पठाउनु पर्नेछ । यसरी पठाउँदा सम्बन्धित मुद्दाको हदम्याद समेतलाई विचार गरी छिटो साधन वा माध्यमद्वारा पठाउनु पर्नेछ ।

तर विशेष सरकारी वकील कार्यालयले मुद्दा नचल्ने निर्णय गरेकोमा सो सम्बन्धी मिसिल कागज महान्यायाधिवक्ताको कार्यालयमा निकासाको लागि पठाउनु पर्नेछ ।

(२) उपनियम (१) बमोजिमको जानकारी नपठाउने सरकारी वकीललाई प्रचलित कानून बमोजिम विभागीय कारबाही गरिनेछ ।

३५. महान्यायाधिवक्ताको स्वीकृति लिने सम्बन्धमा: मुलुकी फौजदारी कार्यविधि संहिताको दफा ३६ बमोजिम अभियोगपत्र संशोधन गर्ने सम्वन्धमा महान्यायाधिवक्ताको स्वीकृति लिन सम्बन्धित सरकारी वकील कार्यालयले आफ्नो राय र सम्बन्धित मुद्दाको मिसिल कागज तुरुन्त पठाई निकासा भए बमोजिम गर्नुपर्छ ।

३६. सरकारी वकीलसँग राय माग्दा पुऱ्याउनु पर्ने रीत : कुनै संवैधानिक वा कानूनी प्रश्नमा सरकारी वकीलसँग राय माग गर्दा देहायबमोजिमका कागजात संलग्न गरी देहाय बमोजिमको रीत पूरा गरेको हुनुपर्छ :-

(क) जुन विषयमा राय माग गरिएको हो सो विषयमा निर्णय गर्ने अधिकार त्यस्तो राय माग्ने कार्यालय वा अधिकारीलाई भएको हुनु पर्ने,

(ख) जुन विषयमा राय माग गरिएको हो सोसँग सम्बन्धित सम्पूर्ण विवरण संक्षेपमा खुलाई सम्बन्धित कागजात संलग्न गरिएको हुनु पर्ने,

(ग) राय मागिएको विषयमा स्पष्टतः कानूनी प्रश्न उल्लेख गरिएको हुनु पर्ने,

(घ) जुन विषयमा राय मागिएको हो सो विषयमा अन्य कुनै कार्यालय वा अधिकारीको समेत राय लिनु पर्ने वा अन्य कुनै प्रक्रिया पूरा गर्नु पर्ने भएमा सो राय मागी सकेपछि तथा त्यस्तो प्रक्रिया पूरा गरिसकेपछि मात्र राय मागिएको हुनु पर्ने,

(ङ) जुन विषयमा राय माग गरिएको हो सो सम्बन्धमा विभागीय राय वा सम्बन्धित कार्यालयको दृष्टिकोण उल्लेख भएको हुनु पर्ने ।

Office of the Attorney General, Nepal

३७. राय माग गरिएको र राय दिइएको विषय गोप्य हुने : नियम ३६ बमोजिम सरकारी वकीलसँग राय माग गरिएको विषय र सरकारी वकीलले राय दिएको विषय गोप्य हुनेछ ।

३८. मुद्दाको बहसमा सरकारी वकीलको तजबिज : (१) नेपाल सरकारलाई सरोकार पर्ने मुद्दामा महान्यायाधिवक्ताले कुनै विशेष निर्देशन दिएको रहेछ भने त्यसको अधीनमा रही सरकारी वकीलले व्यावसायिक आचरणको पालना गरी आफ्नो तजबिज अनुसार मुद्दामा बहस गर्नेछ ।

(२) सरकारी वकीलले उपनियम (१) बमोजिम बहस पैरवी गरेको कारणलाई मात्र आधार लिई निज उपर कुनै कारबाही गरिने वा मुद्दा चलाईने छैन ।

३९. कानून व्यवसाय गर्न सक्ने : सेवा शर्तसँग सम्बन्धित प्रचलित कानूनको अधीनमा रही सरकारी वकीलले नेपाल सरकारको हक, हितमा प्रचलित असर नपर्ने गरी तथा कार्यालयको काममा बाधा नपुग्ने गरी महान्यायाधिवक्ताको स्वीकृति लिई नेपाल सरकारको स्वामित्व भएको कुनै सङ्गठित संस्थामा कानून व्यवसाय गर्न, त्यस्तो संगठित संस्थाको तर्फबाट बहस पैरवी गर्न, वा कुनै शैक्षिक वा प्राज्ञिक संस्थामा अध्यापन, अनुसन्धान, अन्वेषण एवं प्रशिक्षण गर्न सक्नेछ ।

४०. महान्यायाधिवक्ताले निर्देशन दिन सक्ने : (१) महान्यायाधिवक्ताले यस नियमावली र नेपाल सरकारको निर्देशनको अधीनमा रही सरकारी वकील प्रशासनको रेखदेख, सञ्चालन एवं नियन्त्रण गर्न तथा नेपाल सरकार वादी हुने मुद्दाको अभियोजन प्रभावकारी बनाउने सम्बन्धमा समय समयमा आवश्यक निर्देशन दिन सक्नेछ र त्यस्तो निर्देशनको पालना गर्नु सम्बन्धित अधिकारी तथा सरकारी वकीलको कर्तव्य हुनेछ ।

(२) प्रचलित कानूनको अधीनमा रही महान्यायाधिवक्ताले नेपाल सरकारको हक हित तथा सरोकार रहेको मुद्दा मामिला वा कानूनी विषयमा दिएको निर्देशनको पालना गर्नु गराउनु सम्बन्धित अधिकारीको कर्तव्य हुनेछ ।

-३) प्रचलित कानूनको अधीनमा रही महान्यायाधिवक्ता र विभागको प्रमुखले आफ्नो अधिकारमध्ये आवश्यकतानुसार केही अधिकार आफू मातहतको कर्मचारीले प्रयोग र पालन गर्न पाउने गरी प्रत्यायोजन गर्न सक्नेछ ।

४१. व्यवस्थापन समितिः (१) महान्यायाधिवक्ताको कार्यालय र मातहतका कार्यालयको संस्थागत सुदृढीकरण गर्ने तथा नीतिगत विषयमा निर्णय लिनका लागि देहाय बमोजिमको एक व्यवस्थापन समिति रहनेछ :-

(क) महान्यायाधिवक्ता -अध्यक्ष

(ख) विभागका प्रमुखहरू -सदस्य

(ग) प्रशासन हेर्ने सहन्यायाधिवक्ता -सदस्य-सचिव

(२) व्यवस्थापन समितिको बैठक कम्तीमा महिनाको एकपटक बस्नेछ ।

(३) महान्यायाधिवक्ताको पद रिक्त भएको वा कुनै कारणले लामो समयसम्म महान्यायाधिवक्ता कार्यालयमा अनुपस्थित भएको अवस्थामा व्यवस्थापन समितिका अन्य सदस्यहरू मात्र उपस्थित भई व्यवस्थापन समितिको बैठक बस्न सक्नेछ ।

Office of the Attorney General, Nepal

(४) व्यवस्थापन समितिले आफनो बैठकमा आवश्यकतानुसार कुनै सरकारी वकील, विज्ञ वा कर्मचारीलाई आमन्त्रण गर्न सक्नेछ ।

(५) व्यवस्थापन समितिको बैठक सम्बन्धी अन्य कार्यविधि सो समिति आफैले निर्धारण गर्नेछ ।

४२. समन्वय समितिको सचिवालय सम्बन्धी व्यवस्थाः (१) मुलुकी फौजदारी कार्यविधि संहिताको दफा १९४ बमोजिम गठन हुने समन्वय समितिले गर्ने काम कारवाहीमा सहयोग गर्नका लागि महान्यायाधिवक्ताको कार्यालयमा समन्वय समितिको सचिवालय रहनेछ ।

(२) समन्वय समितिको सचिवालयमा महान्यायाधिवक्ताको कार्यालयका एक जना सहन्यायाधिवक्ता र प्रहरी प्रधान कार्यालयका प्रहरी वरिष्ठ उपरीक्षक सहित आवश्यक संख्यामा सरकारी वकील र प्रहरी अधिकृतहरु रहनेछन् ।

(३) उपनियम (१) बमोजिमको सचिवालयले समन्वय समितिको निर्णय कार्यान्वयन, अनुगमन गर्ने, समितिका निर्णयहरु अभिलेखिकरण गर्ने लगायत समन्वय समितिले तोकेको अन्य कार्य गर्नेछ ।

४३. नीति व्यवस्थापन समूह : (१) महान्यायाधिवक्ताको कार्यालय र सरकारी वकील कार्यालयको सुदृढीकरण लगायत  नीति निर्माणसँग सम्बन्धित विषयमा महान्यायाधिवक्ता तथा व्यवस्थापन समितिलाई सुझाव तथा परामर्श उपलब्ध गराउन महान्यायाधिवक्ताको कार्यालयका नायब महान्यायाधिवक्ता तथा सहन्यायाधिवक्ताहरु रहेको एक नीति व्यवस्थापन समूह रहनेछ ।

(२) उपनियम (१) बमोजिमको नीति व्यवस्थापन समूहको बैठक कम्तिमा महिनाको एक पटक बस्नेछ ।

(३) उपनियम (१) बमोजिमको नीति व्यवस्थापन समूहको सचिवको रुपमा प्रशासन शाखाको उपन्यायाधिवक्ताले काम गर्नेछ ।

४४. नेपाल सरकारको अधिकार : नेपाल सरकारले महान्यायाधिवक्तासँग परामर्श गरी सरकारी वकील कार्यालय एवम् सरकारी वकीलको प्रशासन सम्बन्धमा समय समयमा आवश्यक व्यवस्था गर्न सक्नेछ र त्यस्तो व्यवस्था यसै नियमावली बमोजिम भए गरेको मानिनेछ ।

४५. सरकारी वकीललाई अन्य काममा खटाउनेः (१) सरकारी वकीलको दरबन्दी कायम भएको स्थानमा बाहेक सरकारी वकीललाई सो पदले गर्ने कामसँग सम्वन्धित काममा मात्र खटाइने छ ।

(२) उपनियम (१) मा जुनसुकै कुरा लेखिएतापनि सरकारी वकील कार्यालयको कार्य सम्पादनमा प्रभाव नपर्ने गरी संबैधानिक आयोग, नेपाल सरकारबाट गठन हुने आयोग, समिति, कार्यदल वा निर्वाचनको काममा सरकारी वकीललाई खटाउन सकिने छ ।

४६. व्यावसायिक भत्ता : (१) सरकारी वकील कार्यालयमा कार्यरत सरकारी वकीलले शुरु तलवको पचास प्रतिशतका दरले व्यावसायिक भत्ता पाउनेछन् ।

Office of the Attorney General, Nepal

(२) महान्यायाधिवक्ताको कार्यालय र मातहत सरकारी वकील कार्यालयका सरकारी वकील र अन्य कर्मचारीहरुले नेपाल सरकारले स्वीकृत गरेको मापदण्डका अधीनमा रही कार्यबोझका आधारमा शुरु तलव स्केलको पचास प्रतिशतसम्म प्रोत्साहन भत्ता पाउनेछन् ।

४७. निर्देशिका जारी गर्न वा कार्यदल गठन गर्न सक्नेः (१) महान्यायाधिवक्ताले सरकारी वकीलको कार्य सम्पादनलाई प्रभावकारी बनाउन आवश्यक निर्देशिका बनाई जारी गर्न सक्नेछ ।

(२) सरकारी वकीलको कार्य सम्पादनलाई प्रभावकारी बनाउन वा सरकारी वकीलसँग सम्वन्धित कुनै कानूनी व्यवस्थाको पुनरावलोकन गर्न वा सरकारी पक्षको प्रतिनिधित्व र प्रतिरक्षालाई प्रभावकारी बनाउनका लागि महान्यायाधिवक्ताको कार्यालयले आवश्यकता अनुसार विभिन्न कार्यदल वा अनुसन्धान समूह गठन गरी जिम्मेवारी दिन सक्नेछ ।

४८. खारेजी र बचाउ : (१) सरकारी वकील सम्बन्धी नियमावली, २०५५ खारेज गरिएको छ ।

(२) सरकारी वकील सम्बन्धी नियमावली, २०५५ बमोजिम भए गरेका काम कारबाहीहरू यसै नियमावली बमोजिम भए गरेको मानिनेछन् ।

Office of the Attorney General, Nepal